## भक्तपुर हत्या प्रकरण थप रहस्यमय बन्दै

# पारिवारिक कलह नै कारण हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान

**रमेश गिरी/रासस**

**भक्तपुर, २७ भदौ**




भक्तपुरको मध्यपुरथिमि नगरपालिका-९, निकोसेरामा शुक्रबार सार्वजनिक एकै परिवारका तीनजनाको हत्या भएको घटना थप रहस्यमय बन्दै गएको छ । निकोसेरास्थित चारतले घरमा कुकुरसहित ३६ वर्षीय सुदीप अधिकारी, ३४ वर्षीया श्रीमती सम्भ्कना र १५ वर्षीय छोरा सुशान्तको हत्या रहस्यमय बनेपछि प्रहरीले विभिन्न कोणबाट अनुसन्धान थालेको छ ।

मध्यपुरथिमि नगरपालिका-६, कुण्डोल बस्ने मृतक सुदीपका भाइ सुनिल अधिकारी शुक्रबार अपराह्न दाजुको घरमा मासु पुऱ्याउन जाँदा दाजुका सबै परिवार मृत देखेपछि घटना बाहिर आएको थियो । सुनिलकाअनुसार घरको मूलढोका केही खुलेको थियो । बाहिरबाटै दाजुलाई बोलाउँदा नबोलेपछि उहाँ भित्र जान खोज्दा केही गन्ध आयो । घरको मूलढोकाको ताल्चा साँचो ढोकाभित्रको प्यासेजमा राखिएको मोटरसाइकलमाथि थियो ।

भाइ सुनिलमाथि जाँदा दोस्रो तलाको भऱ्याङको प्यासेजमा सेतो कुकुर मरिरहेको थियो । दोस्रो तलाको दाजुको कोठामा हेर्दा भाउजू सम्भ्कना खाटको ओछ्यानमा मृत देखेपछि आत्तिँदै माथिल्लो कोठामा जाँदा त्यहाँ पनि भतिज सुशान्त ओछ्यानमै मृत्यु भएको देख्नुभयो ।

त्यसपछि माथि जाँदा भान्साभन्दा बाहिर कौसीमा निस्कने ढोकाको प्यासेजमा घोप्टो परेर दाजु सुदीपको पनि शव देख्नुभयो । गत आइतबार सोह्रश्राद्धमा सबै परिवारको भेट भएको थियो । शुक्रबार दाजुको परिवारलाई मासु पुऱ्याउन आउनुभएका भाइ सुनिलले दाजुको परिवार सबैलाई मृत देखेपछि प्रहरीलाई खबर गर्नुभएको थियो ।

घटनास्थलमा खबर पाएलगत्तै शुक्रबार अपराह्न पाँच बजे नजिकै रहेको महानगरीय प्रहरी वृत्त थिमिका प्रहरी नायब उपरीक्षक ऋषिराम कँडेलको टोली पुगेको थियो । प्रहरी परिसर भक्तपुरकी प्रमुख एवं प्रहरी उपरीक्षक तारादेवी थापा भने पौने ६ बजेमात्रै घटनास्थल पुग्नुभएको थियो ।

घटना भएको क्षेत्रलाई प्रहरीले अनुसन्धानका लागि आफ्नो घेरामा लिएपछि महानगरीय अपराध महाशाखाका वरिष्ठ प्रहरी उपरीक्षक दीपक थापाको टोली र त्यसपछि केन्द्रीय अनुसन्धान ब्यूरोका प्रमुख सहकुल थापाको टोलीसहित फरेन्सिक ल्याबको टोलीसमेत घटनास्थल पुगेको थियो ।

टोलीले राति ११ बजेभन्दा पछिसम्म अनुसन्धान गरी मचुल्का उठाएर शव परीक्षणका लागि काठमाडौं मेडिकल कलेज दुवाकोट पठाएको थियो । सुदीपले श्रीमती र छोराको हत्या गरेको केही दिनपछि विष सेवनबाट आफैंले आत्महत्या गरेको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ ।

सम्भ्कना र सुशान्तलाई धारिलो हतियारको प्रहारले हत्या गरिएको छ । हत्यापछि सम्भ्कनालाई भित्तापट्टि कोल्टो राखेर माथिबाट ओढ्ने ओढाइदिएको छ भने सुशान्तको पनि टाउको र घाँटीमा धारिलो हतियार प्रयोग गरेर हत्या गरेको पाइएको छ ।

प्रहरीका अनुसार हत्यापछि घोप्टो बनाएर माथि पहेँलो रामनामी कपडाले छोपेको अवस्थामा सुशान्तको शव भेटिएको छ । ओछ्यानदेखि भित्तामा समेत रगतको छिटाहरू छन् । रगत सुकिसकेको र दुवै शव गलेर गन्हाउनुका साथै घाउमा किरा पर्न थालेको थियो ।

सुदीपको शव भने गलेको र गन्हाएको पनि थिएन भने शरीरमा कुनै बाहिरी चोटपटक पनि छैन । प्रहरीकाअनुसार तीनओटै शव हेर्दा एकैदिन मृत्यु भएको होइन । सम्भ्कना र सुशान्तको केही दिनअघि र सुदीपको केही दिनपछि मृत्यु भएको अनुमान प्रहरीको छ ।

महानगरीय अपराध महाशाखाका वरिष्ठ प्रहरी उपरीक्षक सहकुल थापाले मृतकको शव र कुकुरको परीक्षणको रिपोर्ट आएपछि घटनाबारे थप कुरा थाहा हुने जानकारी दिनुभयो ।

वरिष्ठ प्रहरी उपरीक्षक थापाले भन्नुभयो 'सम्भ्कना र सुशान्तको टाउकोमा गहिरो चोट छ । सुशान्तको शवसँगै ओछ्यानमा रगत लागेको मासु काट्ने फलामको दाप (चुप्पी) भेटिएको छ । शव गलिसकेको, गन्हाउन थालेको र घाउमा किरा पर्न थालेको छ । तर, सुदीपको शव गन्हाएको र गलेको छैन । सुदीपको शवनजिकै रहेको थालमा बान्ता गरेको छ । कुकुरको पनि त्यस्तै छ । भान्छामा साग र भात छ । प्रारम्भिक अनुसन्धानमा सुदीप र कुकुरको विष सेवनबाट मृत्यु भएको अनुमान छ । घरको ढोका खुलै भएकाले बाहिरी मान्छेको प्रवेश भएर हत्या भएको हो कि भन्ने आशंका रहे पनि घटनास्थल र अवस्था हेर्दा बाहिरको व्यक्ति प्रवेश गरेर हत्या गरेको हो भनेर यकिन गर्ने अवस्था छैन ।'

मृतकका आफन्तले शनिबार महानगरीय प्रहरी वृत्त थिमिमा घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न माग गर्दै जाहेरी दिएको थिमि वृत्तका प्रमुख एवं प्रहरी नायब उपरीक्षक कँडेलले जानकारी दिनुभयो ।

## रोगभन्दा भोक ठूलो:

# गुजारा चलाउनै मुस्किल भएपछि भारत पस्नेको ओइरो

**सीताराम ओझा/प्रदीप पाठक**

**धनगढी, २७ भदौ**



रोजागारीका सिलसिलामा भारत जानुभएका बैतडीको दशरथचन्द नगरपालिका-१० का धर्मेन्द्र लावड कोरोना संक्रमण फैलिएसँगै गत चैत्रमा घर फर्किनुभएको थियो । विश्वभर कोरोना महामारी चलेको बेला उहाँले पनि भारतको रोजगारी छोडेर झण्डै ६ महिना घरमै बिताउनुभयो । संक्रमण नरोकिएपछि उहाँलाई घरखर्च चलाउन पनि निकै समस्या सृजना भयो । जेनतेन कर्जाले घर चलाउनुभएका लावडलाई आर्थिक समस्याले सताउन थालेपछि महामारीकै बीच उहाँ फेरि भारततर्फ फर्किनुभएको छ । 'साँझ बिहान चुल्हो बाल्नसमेत निकै समस्या सृजना भयो, आफ्नो ज्यानको मायाभन्दा छोरोछोरीको मायाले पिरोल्न थाल्यो' लावडले भन्नुभयो, गाउँघरमा रोजगारीको केही सिप नचलेपछि ज्यान जोखिमको प्रभाव नगरी घरखर्च चलाउनका लागि भारत जानुपर्ने बाध्यता भयो ।' भारतमा उहाँ सामान्य मजदुरी गरेर मासिक १५ हजार भारु कमाउँनुहुन्छ । सिंगो परिवार नै उहाँको कमाइका भरमा चलेको छ । स्वदेशमा बस्दा आफूहरू भोकै मर्नुपर्ने अवस्था छ, कमसेकम भारत गएपछि परिवार त बच्छ ।, मरे पनि भारतमै मरिएला हाम्रो दुःख हामीसँगै छ ।' उहाँले भन्नुभयो ।

लावडजस्तै अहिले स्वदेश फर्कनेको नेपालीको संख्याभन्दा स्वदेशबाट भारत जाने नेपालीको संख्या बढिरहेको छ । नेपालमा रोजगारी नहुनु तथा गरिबीका कारणले गड्डाचौकी र गौरीफन्टा नाकाबाट अहिले दैनिकजसो सयौँको संख्यामा नेपालीहरू भारत जान थालेका छन् ।

यसैगरी वैशाखको अन्तिमतिर घर फर्किनुभएका बैतडीको सिगास गाउँपालिका- ९ का लोकेन्द्रबहादुर धामी पनि गुजारा नलचेपछि फेरि भारततिरै लाग्नुभएको छ । चार महिना गाउँमा बेरोजगार बस्दा गुजारा चलाउनै अप्ठ्यारो भएपछि भारत फर्कनुपरेको उहाँको गुनासो छ । लोकेन्द्र पाँच वर्षदेखि भारतको राजधानी दिल्लीमा सुरक्षागार्डको रूपमा काम गर्दै आउनुभएको छ । गाउँमा चार महिनासम्म केही काम पाइनँ,' 'बेरोजगार बस्दा घर परिवार पाल्न पनि समस्या हुन थाल्यो । त्यही भएर पुरानै काममा जान लागेको हुँ ।' रोजगारीका लागि भारत गएकाहरू कोरोना संक्रमणको डरले घर फर्किए पनि अहिले भोकसँग हारेर फेरि भारत जाने क्रम बढेको छ । केही महिना घर-गाउँमै बसेका उनीहरू गुजारा चलाउनै मुस्किल भएपछि फेरि भारत जान थालेका हुन् । अहिले पुनः कामकै खोजीमा भारततिर फर्किनेको सीमा नाकामा लर्को छ । कैलालीका डबलबहादुर दमाईलाई भारत जाने इच्छा छैन । परिवार पाल्नकै लागि भारत जानुपर्ने बाध्यता छ । कैलालीको बर्दगोरिया गाउँपालिका-५, बैदीपुरका डबलले संसारभर कोरोना महामारीको त्रास फैलिएका बेला भारत जानु रहर नभई बाध्यता भएको बताउनुभयो ।

## छोटकरी

### पहेँलो रंगको कछुवासहित पाँचजना पक्राउ

**काठमाडौं/हिटा ।** शनिबार बिहान कंलकी मकालु पेट्रोल पम्प अगाडिबाट प्रहरी वृत्त कालिमाटी महाशाखाअन्तर्गत स्वयम्भुबाट खटिएको संयुक्त प्रहरी टोलीले चितवनबाट ३५ लाखमा बिक्री गर्न भनी लिएर आएको ७०० ग्राम तौल तथा लम्बाई १२ इन्च भएको पहेँलो रंगको कछुवासहित केही व्यक्तिलाई पक्राउ गरेको छ ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा सुर्खेत जिल्ला भेरी गंगा नगरपालिका-२ का सर्वराज बुढा, नुवाकोट जिल्ला बेलकोटगढी न.पा.-५ का सुरेन्द्र श्रेष्ठ, काभ्रे नमोबुद्ध न.पा.-८ का सन्तोष रम्तेल, रौतहट चपुर न.पा.-३ को रुपेश तिमिल्सिना र नुवाकोट बेलकोटगढी न.पा.-५ का प्रमोद बाँस्कोटा रहेका छन् । उनीहरूलाई थप अनुसन्धानको लागि कालिमाटी वृत्तमा राखिएको छ ।

### चितवनमा दुई सैनिकको करेन्ट लागेर मृत्यु

**चितवन/हिटा ।** शनिबार चितवनमा दुई सैनिकको करेन्ट लागेर मृत्यु भएको छ ।

चितवनको शक्तिखोरमा रहेको सिंहनाथ गणमा कार्यरत सैनिकको मृत्यु भएको हो । रुखको हाँगा काट्न चढ्दा प्रयोग गरिएको भऱ्याङ चिप्लिएर तारमा ठोक्किन पुग्दा भऱ्याङ समाउने सुवेदार राजुबाबु श्रेष्ठ र सैनिक जवान साजन कुमालको मृत्यु भएको चितवन प्रहरीका प्रवक्ता सूर्य थापाले जानकारी दिनुभयो ।

प्रहरीका अनुसार श्रेष्ठको उपचारका लागि अस्पताल ल्याउँदै गर्दा र कुमालको उपचारका क्रममा भरतपुर अस्पतालमा मृत्यु भएको हो ।

**वर्गीकृत डिस्प्ले**

**Kitchen Chimney for Sale**
**Sujal Trading, Kathmandu**
Model Available :

| SN | Model | Rate/Pcs |
|---|---|---|
| 1 | 102E90-T | Rs 8,587 |
| 2 | 108Q90-T | Rs 8,228 |
| 3 | 103K90-P | Rs 7,868 |
| 4 | 103T90-T | Rs 7,868 |
| 5 | 102F75-T | Rs 7,508 |
| 6 | 102F90-T | Rs 7,868 |
| 7 | LOTUS60 | Rs 7,149 |

Contact No : 00977-9851026043
**Prices are Exclusive of VAT.

वर्गीकृत डिस्प्लेको लागि
सिधा सम्पर्क : ०१-४४७८१७७

विज्ञापनको लागि हाम्रा सिधा सम्पर्क नम्बरहरू:
काठमाण्डौ : ०१-४४७८१७७
विराटनगर : ९८४२०५९११०
गौर, रौतहट : ९८४५१३५२३४
मलंगवा : ९८०४८२३४११

e-mail:
hitanewz@gmail.com
hitanewz@yahoo.com
Website :
ehimalayatimes.com.np

**Chichila Rural Municipality**
**Office of The Rural Municipal Executive**
Chichila, Sankhuwashava
Province No.1, Nepal

**Invitation for Bids**

Invitation for Bids for Construction of Ward No.5 Office building Of Chichila Rural Municipality
Contract Identification No: **CRM/W/NCB/B/1/077-078**
**First Date of Publication: 2077/05/28**

1. ***The Chichila Rural Municipality, Chichila, Sankhuwashava*** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of ***Ward No.5 office building of Chichila Rural Municipality*** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. **86,43,237.2** (Including VAT and P.S).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Chichila Rural Municipality, Chichila, Sankhuwashava*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office *of **Chichila Rural Municipality, Chichila, Sankhuwashava*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***NRs. 3000*** on or before 2077/06/26 during office hours.

**Or**

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Aantarik Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Century Commercial Bank Ltd,, Chichila Branch
Name of Office: Chichila Rural Municipality, Chichila, Sankhuwashava
Aantarik rajaswa Account no.: 1190000013GE (For bid document Purchase)
Dharauti Account no.: 1190000005GE (For bid security deposit)

4. Pre-bid meeting shall be held at ***Chichila Rural Municipality Office, Chichila, Sankhuwashava at 14:00 hrs on 2077/06/16 .***
5. Sealed or electronic bids must be submitted to the office ***of Chichila Rural Municipality, Chichila, Sankhuwashava*** by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00 hrs of 2077/06/27.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 hrs of 2077/06/27*** at the office of ***Chichila Rural Municipality, Chichila, Sankhuwashava.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***2,40,000***, which shall be valid for 30 days beyond the validity period of the bid .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

**Machhapuchhre Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Lahachowk, Kaski**
**Gandaki Province, Nepal**

**Invitation for Bids**

**First Date of publication:- September- 13, 2020 (2077/05/28)**

Machhapuchhre Rural Municipality, Office of the Rural Municipal Executive, Lahachowk Kaski invites online bids under e/procurement system from eligible bidders for the construction of project mentioned below under national competitive bidding mention bidding procedures all other information and bid document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid online as per instruction within mentioned period.

| S. No. | Contract ID No. | Name of Project | Bid Document Fee Details | Bid validity | Bid Security Amount & Validity |
|---|---|---|---|---|---|
| 1. | 03/MRM/GHAT/077-78 | Samibagar Dovilla Ghat | NRs. 3000.00 Bank : Prabhu Bank Ltd., Lahachowk Account No: 1400109223400069 Account name: GA-1.1 ANTARIK RAJASHWO KHATA | 90 days | 2,15,000.00 30 days after bid validity |
| 2. | 04/MRM/GHAT/077-78 | Dovilla Nayapul Ghat | | 90 days | 2,45,000.00 30 days after bid validity |
| 3. | 05/MRM/GHAT/077-78 | Nayapul Lumre Ghat | | 90 days | 2,65,000.00 30 days after bid validity |
| 4. | 06/MRM/GHAT/077-78 | Pathre Khahare Ghat | NRs. 1000.00 Bank : Prabhu Bank Ltd., Lahachowk Account No: 1400109223400069 Account name: GA-1.1 ANTARIK RAJASHWO KHATA | 90 days | 90,000.00 30 days after bid validity |
| 5. | 07/MRM/GHAT/077-78 | Dovilla Indikhola Pakkipul Ghat | | 90 days | 76,000.00 30 days after bid validity |